# हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : ११, २०८२ मंसिर १४ गते आइतवार ( 30 Nove. 2025 ) मूल्य रु. २०।-

## एमाले महाधिवेशन: देशभरि प्रतिनिधि छनोट सम्पन्न

सुस्केरा समाचारदाता

काठमाडौं, मंसिर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११ औं राष्ट्रिय महाधिवेशनका आज देशैभरि प्रतिनिधि छनोट भएका छन् । महाधिवेशनका लागि आज देशभरि शान्तिपूर्ण रूपमा करिब दुई हजार २०० प्रतिनिधि छनोट भएका हुन् ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार देशका सबैजसो कमिटी मा शनिवार प्रतिनिधि छनोट सम्पन्न भए । “धेरैजसो कमिटीमा सर्वसम्मत रूपमा प्रतिनिधि छनोट भएका छन्”, उहाँले भन्नुभयो, “केही ठाउँमा निर्वाचनको माध्यमबाट प्रतिनिधि छनोट भएका छन् ।” उहाँले छिटफुट रूपमा रोकिएको प्रतिनिधि छनोट प्रक्रिया पनि निर्वाचनबाट टुङ्ग्याउने निर्देशन दिएको बताउनुभयो । उहाँका अनुसार एक प्रतिनिधि निर्वाचन क्षेत्रबाट खुला, महिला र युवा गरी चार जना प्रतिनिधि छनोट हुनेछन् ।

शनिवार छनोट भएका प्रतिनिधि विवरण यही मङ्सिर १५ गतेभित्र पार्टी केन्द्रीय कार्यालयमा पठाइसक्न एमालेले निर्देशन जारी गरेको छ ।

प्रतिनिधि छनोटका क्रममा एमाले डोल्पाको पार्टी कार्यालयमा भएको भेलाले विभिन्न संरक्षित क्षेत्र र खुला सबै प्रतिनिधिहरु सर्वसम्मत रुपमा चयन गरेको छ ।

छनोट भएका प्रतिनिधिहरुमा दलित ....... .. .पेज नं. ८ मा



प्रधानमन्त्री सुशीला कार्कीले शनिबार प्रधानमन्त्री निवास बालुवाटर पुग्नुभएका राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनसहितका शीर्ष नेताहरुसँग भेट गर्नु भएको हो । भेटमा घोषित निर्वाचन लगायतका विषयमा छलफल थियो ।

## आगामी आ.व.का योजना छनोट सुरु

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर । डोल्पाका विभिन्न स्था(नीय तहका गाउँगाउँ, वडावडामा योजना तर्जुमा तथा छनोट प्रक्रिया सुरु भएको छ ।

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कर्णाली प्रदेश सरकारका यस जिल्ला स्थित विभिन्न कार्यालयहरु पूर्वाधार विकास कार्यालय, सामाजिक विकास कार्यालय, कृषि विकास काया(लय लगायतले योजना प्रस्तावना समेत सार्वजनिक रुपमा आह्वान गरेका छन् । सार्वजनिक सूचना गरेर प्रदेश सरकारका जिल्ला स्थित कार्यालयहरुले योजना प्रस्ताव आह्वान गरे पछि गाउँगाउँमा योजना माग गर्ने विषयमा छलफल र अन्तर्क्रिया हुन थालेको जनाइएको छ ।

वर्तमान एमाले कांग्रेसको मिलिजुलि सरकारले गएको चालु आर्थिक वर्षको बजेटदेखि नै पारदर्शी रुपमा गाउँगाउँबाट वडा, वडावडाबाट स्थानीय तह र स्थानीय तह स्थानीय तहबाट जिल्लामा योजना छनोट भै आउने, सम्बन्धित विषयगत ....... .. .पेज नं. ८ मा

## प्रदेश योजना आयोगको अन्तर्क्रिया

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर । कर्णाली प्रदेश योजना आयोगद्धारा आयोजित योजना प्रस्तावना लगायतका विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कर्णाली प्रदेश योजना आयोगद्धारा दुनैमा गएको शुक्रवार दुनैमा आयोजित कार्यक्रममा कर्णाली प्रदेश योजना आयोग र आर्थिक मामला तथा योजना मन्त्रालयले योजना प्रस्तावना सम्बन्धी कार्यविधि संशोधन भएको र त्यसमा भएका विभिन्न प्रावधान तथा व्यवस्थाका विषयमा, यथार्थ योजनाहरुको छनोट, प्राथमिकिकरण, आवश्यकताका आधारमा योजना छनोट प्रक्रिया लगायतका विषय अनि योजनाको बजेट विनियोजन, बजेट खर्च र बजेट फिर्ता हुने लगायतका विषयमा कार्यपत्र प्रस्तुतिकरण गरिएको कार्यक्रमको अध्यक्षता गर्नु भएका ....... .. .पेज नं. ८ मा

## छाउपडि प्रथा अझै अन्त भएन

मेनुका बुढा

डोल्पा, मंसिर । डोल्पा जिल्लाको कतिपय ठाँउहरुमा अझै पनि छाउपडि प्रथा अन्त्य हुन सकेको छैन । जतिसुकै नियम कानुन बनाए पनि डोल्पा जिल्लामा लागु नभएर छाउपडि प्रथा अन्त हुन सकेको छैन । सहर नै किन नहोस विषेसगरि नेपाल भरिका बाहुन, क्षेत्रि, दलित ,समुदायमा महिलाहरु रजस्वला हुदा भिन्नै घरमा राखिने भए पनि भन्सा र पुजाकोठामा नपसाउने व्यवहार रहेको छ । आज भोलि बिस्तारै विभेद अन्त हुँदै गएको भए पनि कतिपय स्थानमा अझैपनि भिन्नै कोठामा बस्नु पर्ने बाध्यता छ । महिला मासिक धर्म तथा रजस्वला हुनुलई महिला छाउ हुनु भनिने र छाउ भएकि महिला घरको भिन्नै कोठामा लगेर राख्ने गर्दा महिला माथि ....... .. .पेज नं. ८ मा

## चिसो बढेपछि भेडिगोठ बेसी झर्दै

मेनुका बुढा

डोल्पा, मंसिर । डोल्पोबुद्ध गाउँपालिकामा चिसो बढे संगै चरन अभाव हुन थालेपछि धो टाक्सि तिरका च्यांग्रा, भेडा बाखा बेसितिर झरेका छन् । हिउद यामको मौसममा गाँउमा हिम्पातका कारणले घाँस नपाउने भएकाले डोल्पोबुद्ध गाँउपालिकाका स्थानीय बाखा पालक किसानले बाखालाई चरनका लागि बेसितिर झारेका हुन् । डोल्पोबुद्ध गाउँपालिकाका स्थानीय कृषकहरु धेरैले पुख्र्यौलि व्यवसायका रुपमा च्यांग्रा, भेडा बाखा पालन गर्दै आएका छन् । हिउदको समयमा च्यांग्रा, भेडा, बाखालाई चरन नभएको हिउँमा जोखिम र चरण क्षेत्रमा हिउ जम्दा अत्याधिक चिसोबाट बचा(उन भेडा बाखालाई बेसि झारिएको हो ।

हिउदको यामसंगै मंसिरको दोस्रो सातादेखि न्यानोको लागि बेसिको परिलो स्थानमा झारिन्छ । कात्तिकको अन्तिम साता सम्म भेडा, बाखा चेग्रालाई लेखको पाटनमा राख्ने र हिउदको सिजनमा आफ्नै बस्तिदेखि नजिकको बेसिमा झार्ने गरिएको डोल्पोबद्ध गाँउपालिका वडा नं ३ का स्थानीय बासिन्दाले बताएका छन् । बेसिमा हिउ परेपनि चाँडो पग्लने र ....... .. .पेज नं. ८ मा

## डोल्पो क्याम्पसको क्याम्पस सभा यही २३ गते हुने

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर । डोल्पाको पहिलो र नियमित पठनपाठन भैरहेको त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस डोल्पो क्याम्पस डोल्पाको क्याम्पस सभा २०८२ यही मंसिर महिनाको २३ गते हुने भएको छ ।

डोल्पो क्याम्पस दुनै डोल्पाको संचालक समितिका कार्यबाहाक अध्यक्ष लालिमान बुढाको अध्यक्षतामा शनिवार बसेको बैठकले यस वर्ष २०८२ को क्याम्पस सभा यही मंसिर महिनाको २३ गते क्याम्पस प्रांगणमा सम्पन्न गर्ने निर्णय गरेको डोल्पो क्याम्पस दुनै, डोल्पाले जनाएको छ । यस अघि नै असोज ८ गते क्याम्पस सभा सम्पन्न गर्ने तयारी गरिरहेको बेला भदौं २३ र २४ गतेको जेनजी आन्दोलनका कारण उक्त मितिमा गर्ने तय भएको क्याम्पस सभा स्थगित भएको थियो ।

क्याम्पस सभाले डोल्पो क्याम्पस दुनै, डोल्पाको शैक्षिक, आर्थिक, सामाजिक, भौतिक पक्ष लगायत विभिन्न पक्षको विकासका लागि वार्षिक प्रतिवेदनमा समेटेर आर्थिक, शैक्षिक लगायत योजना, नीति, रणनीतिक रुपमा विश्लेषणात्मक रुपमा समेटेर पास गरिने जनाइएको छ ।

क्याम्पस सभामा गएको आर्थिक वर्षमा भए गरेका शैक्षिक, आर्थिक, सामाजिक र भौतिक विकासको समेत समिक्षा गरिने छ । यसका साथै आगामी वर्षहरुका लागि अल्पकालिन, मध्यकालिन र दिर्घकालिन लक्ष्य तथा योजना समेत पारित गरिने डोल्पो क्याम्पस दुनै, डोल्पाको क्याम्पस ....... .. .पेज नं. ८ मा

## एमाले महाधिवेशन .... . ...

तर्फ कर्णाली प्रदेश कमिटीका सदस्य समेत रहेका गोपाल बि.क., ४० वर्ष मुनिकाको प्रतिनिधि तर्फ एमाले डोल्पा जिल्ला कमिटीको अध्यक्ष समेत रहेका लंकबहादुर रोकाया, महिला तर्फ एमाले कर्णाली प्रदेश कमिटी सदस्य समेत रहेकी चन्द्रकुमारी बुढा र एमाले जिल्ला कमिटी डोल्पाकी उपसचिव समेत रहेकी जुनी बुढा सर्वसम्मत छनोट भएको एमाले डोल्पा की इन्चार्ज बद्मीक्वारी बोहोराले जानकारी दिनु भयो । उहाँका अनुसार खुला ४ प्रतिनिधिमा भुगोल समेट्ने गरी ठुलीभेरी नगरपालिका, त्रिपुरासुन्दरी नगरपालिका, शे फोक्सुण्डो गाउँपालिका र काइके गाउँपालिकाबाट एक एक जना प्रतिनिधि ल्याउने गरी निर्णय भएकोमा काइकेबाट एमाले कर्णाली प्रदेश कमिटी सदस्य एवम् कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री शेरबहादुर बुढा, शे फोक्सुण्डो गाउँपालिकाबाट शे फोक्सुण्डो गाउँपालिकाका अध्यक्ष समेत रहेका धावासम्दुक गुरुंग, त्रिपुरासुन्दरी बाट एमाले कर्णाली प्रदेश कमिटी सदस्य समेत रहेका विश्वचन्द्र डसाल र ठुलीभेरी नगरपालिकाबाट नेकपा (एमाले) कर्णाली प्रदेश कमिटी सदस्य समेत रहेका नन्दसिंह बुढा सर्वसम्मत प्रतिनिधि छानिएको जनाइएको छ । नेकपा(एमाले)को ११ औं महाधिवेशन यही मंसिर २७ देखि २९ गतेसम्म भक्तपुरमा हुनेछ ।

## डोल्पो क्याम्पसको .. .....

प्रशासनले जनाएको छ ।

यसका साथै बैठकले विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदानबाट बनिरहेको नयाँ भवनको स्थलगत अवलोकन गर्नुका साथै समिक्षा गरिए को, आगामी आर्थिक वर्षमा निर्माण गर्ने गरी कर्णाली प्रदेश सरकारसँग एक तले भवनको तला थप्ने, आधुनिक शौचालय निर्माण योजना माग गर्ने र विश्वविद्यालय अनुदान आयोगमा नियमित अनुदान र भौतिक सुविधा विकास अनुदानमा पुस्तकालय विस्तार र सुधार को प्रस्ताव तयार गरी विश्वविद्यालय अनुदान आयोग भक्तपुरमा पेश गर्ने निर्णय गरिएको जनाइएको छ ।

स्यांजाको अर्जुनचौपारी गाउँपालिका-१ मा रहेको पञ्चकन्या माध्यमिक विद्यालयमा ३ सय २२ जना विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरिएको छ ।

विद्यालयमा अध्ययन गरेका २०६५ सालको एसएलसी ब्याचका पूर्व विद्यार्थीले विद्यालयका विद्यार्थीलाई पोशाक वितरण गरेका हुन् ।

देश तथा विदेशमा रहेका २०६५ ब्याचका ८४ मध्ये ४२ जना पूर्व विद्यार्थीले सङ्कलन गरेको दुई लाख ४१ हजार पाँच सय रुपियाँ बराबरको पोशाक वितरण गरिएको हो । यहाँ कक्षा नर्सरीदेखि कक्षा ९ सम्मका सबै विद्यार्थीलाई पोशाक वितरण गरिएको छ ।

कक्षा १०, कक्षा ११ र १२ का विपन्न विद्यार्थीलाई पोशाक वितरण गरिएको पूर्व विद्यार्थी एवं शिक्षक सुरेन्द्र काफ्लेले बताउनुभयो ।

पोशाक वितरणमा गाउँपालिका उपाध्यक्ष सपना गुरुङले सकारात्मक काममा पालिकाको सहयोग रहने बताउनुभयो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनबहादुर अधिकारीले विद्यार्थीको कार्यक्रमले विद्यालयसँग पूर्व विद्यार्थीको सम्बन्धलाई बलियो बनाउने बताउनुभयो ।

कार्यक्रममा प्रधानाध्यापक जितबहादुर थापा, शिक्षक शोभाकान्त पौडेलले धारणा राख्नुभएको थियो ।

## चिसो बढेपछि ... ..... .....

गोठाला तथा भेडाबाखालाई न्यानो हुने र पसुचौपायलाई पनि आहारा दिन सजिलो हुने कृषकहरुले बताएका छन् ।

डोल्पोबुद्ध गाउँपालिकाका कृषकहरु मात्र होइन डोल्पाको माथिल्लो भेगमा पर्ने शे फोक्सुण्डो गाउँपालिका, छार्का तांगसोंग गाउँपाकिलाका किसानहरुले पनि हिउँदको समयमा अत्याधिक चिसो हुने भएकाले चिसो समयमा भेडा च्यांग्रा लगायतका पशुवस्तुहरु बेसी झाने गर्दछन् ।

कतिपयले आफ्नो नजिकै बेसि झार्छन भने कतिपय किसानहरु मंसिरको पहिलो हप्तादेखि लिकु, पाहाडा, करेलीकाँडा, रिमी, काइगाउँ, हरिकोट लगायतका विभिन्न गाउँमा झारेर पालनपोषण गने र तातो सुरु भए पछि चैतको पहिलो सातासम्म आ आफ्नो गाउँ पुग्ने गर्दछन् । यतिबेला माथिल्लो भेगका किसानहरु बेसि झर्दै गरेको देखिन्छ भने कतिपय बेसि पुगिसकेको अवस्था छ । बेसि झर्दा हिउँदभरी आनन्द हुने किसान बताउछन्

## प्रदेश योजना ..... .... ... ....

जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकायाले जानकारी दिनु भयो ।

उहाँका अनुसार कार्यपत्र प्रस्तुतिकरण पछि व्यापक छलफल तथा अन्तर्क्रिया भएको थियो । अन्तर्क्रियामा कार्यपत्र माथि उठेका प्रस्नको कर्णाली प्रदेश योजना आयोगका विज्ञ सदस्य माननिय अशोकनाथ योगी, प्रदेश योजना आयोगका प्रतिनिधि र आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रतिनिधिले उत्तर दिनु भएको थियो ।

जिल्ला समन्वय समिति डोल्पाको सभाकक्षमा सम्पन्न छलफल तथा अन्तर्क्रिया कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्यहरु, कर्णाली प्रदेशका जिल्ला स्थित विभिन्न कार्यालयहरुका कार्यालय प्रमुख, लेखा, प्राविधिक, स्थानीय तहका नगर प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृत, लेखापाल, प्राविधिक तथा योजना फाँटका प्रमुखको उपस्थिति रहेको उक्त कार्यक्रम जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकायाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## छाउपडि प्रथा .. .... ....

विभेद तथा हिंसाको अभ्यसको रुपमा महिलालाई बढि पिडा हुने गरेको जनाइएको छ ।

मुलुकि अपराध संहिता २०७४ को परिच्छेद १० मा भेदभाव र अपमानजनक व्यवहार सम्बन्धि कसुर शिर्षकको दफा १६८ उपदफा ३, मा महिलाको रजस्वला र सुत्केरिको अवस्थामा राख्न वा त्यस्तै अन्य किसिमको भेदभाव र छुवाछुत वा अमानविय व्यवहार गर्नु वा गराउनु हुदैन भनिएको छ ।

यस्तो कार्य गरिएको ठहरियमा ३ महिना सम्म जरिवना हुन सक्ने व्यवस्था यस ऐनमा गरिएको छ । धार्मिक मान्यताका कारण छाउ नबारेमा देवता लाग्ने ईत्यदि कारणले महिलामा डर देखाइएको हुन्छ भने अझै महिलामा पनि पित्रृसतात्मक सोच रहेका कारण यो समस्याबाट महिलाहरु नै बाहिर आउन सकेका देखिदैनन् । जति जातिय छुवाछुत विरुद्धको कानुन बनेपनि अझै डोल्पा जिल्लाको विभिन्न स्थानमा जातिय छुवाछुत छ

## आगामी आ.व.का ... ....

कार्यालयहरुबाट पनि प्रस्ताव आह्वान गरी आवश्यकताका आधारमा योजना छनोट गर्ने विधि प्रक्रिया ल्याए पछि गाउँगाउँमा व्यक्तिलाई तथा व्यक्ति केन्द्रित होइन समुदायलाई लाभ हुने प्रकारका योजना छनोट भएर कार्यान्वयनमा जान सुरु भएको छ । यसले योजना छनोट गर्दा बिचौलियाहरुको सक्रियता ह्वात्तै घटेको छ ।

यसले भ्रष्टाचार, अनियमितता र अपारदर्शीता हटाउन प्रदेश सरकार निकै सफल भएको विज्ञहरुको भनाई छ । अर्को तर्फ सामुहिक योजनाहरु छनोटमा समुदाय लागि पर्ने गरेको देखिन्छ । नत्र भने यस अघि व्यक्ति व्यक्तिको नाममा योजना दिएका हौं भनेर माननिय र मन्त्रीहरुले निकै सान दिने गरेका थिए । स्थानीय स्तरबाट योजना छनोट गरी योजना बैंक बनाएर त्यो योजना बैंकबाट छानेर योजना कार्यान्वयनमा ल्याउने प्रक्रियाले बर्तमान कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कडेल निकै लोकप्रिय बनेका छन् ।

यो भन्दा अघिल्ला सरकारहरुले गुमसुममा योजना छनोट गरी बजेट भाषणको बेला आफू निकट र केही कमिशनका भरमा योजना रातो किताबमा पार्ने गरेको भन्ने आरोप लाग्ने गरेको थियो । त्यति बेला योजना हाल्दिन्छु भनेर अग्रिम कमिशन लिने गरेको पनि सबैतिर चर्चा परिचर्चा हुने गरेको थियो ।

वातावरण स्वच्छ राखौं ।

❖धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
❖फोहर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
❖जथाभावी फोहोर नफालौं,
❖कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
❖घर, टोल तथा सडक सफा राखौं,
❖घर वरपर बोटविरुवा लगाऔं,
❖सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
❖वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं।

सफा वातावरण, स्वस्थ जीवन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# देशको विकास

यतिबेला हामीले देश विकासका विभिन्न प्रकारका चर्चा भएको पाइन्छ। विकास भनेको बोलेर तथा कुरा गरेर मात्रै हुने कुरा होइन। देश विकास गर्नका लागि नेता कार्यकर्ता, कर्मचारी, समाज परिवर्तनका लागि अभियानकर्ताहरु सबैले भाषण गर्ने गरेका छन्। विकास यसरी हुन्छ, विकास त्यसरी हुन्छ, विकास उसरी हुन्छ। भाषणका भाषण नागरिकहरु विकासका मिठा भाषण सुनेर थाक्ने अवस्थामा पुगेका छन्। विकासको अर्थ केवल कुरा गर्ने तथा सरकारमा जाने भर्‍यांग बनेको देख्न सकिन्छ। प्रतिपक्षमा भएको बेला राजनीतिक दल ठुला हुन वा साना विकासका ठुला ठुला भाषण गरेर नथाक्ने गरी कराएको सबैले देखेकै छौं। तर विकास गर्ने बेला आउँछ तब उनीहरुलाई निसर्त छैन, कमिशनका रुपमा नोट चाहिने रे, नोट लिएर पनि भोट चाहिने रे, त्यो पनि छिटो छरितो होइन बर्षौ बर्ष सम्म काम अधुरो बन्ने वातावरण बनाउने गरेका छन् नेता, कार्यकर्ता र कर्मचारीहरुले यसो विभिन्न कार्यक्रमहरुमा भाषण गरेको सुन्दा यिनै रहेछन् देश विकासका नाइके भन्ने पार्छन्। तर काम गर्दा व्यवहार नसुहाउने बन्ने गरेको छ।

देशको विकास गर्ने हो भने, राज्य कोषबाट बजेट जाने हो, जहाँ आवश्यकता छ त्यहाँको विकासका लागि आवश्यकताका आधारमा योजना छनोट गरी पर्याप्त बजेट विनियोजन गरेर पुरा पुरा बजेट दुरुपयोग नगरीकन विकास गराउनु नै विकास हो। यसका साथ साथै देशमा विकास भएको अर्थ लाग्ने तथा देखिने गरी विकास हुनु आवश्यक छ। जस्तै टियु क्रिकेट खेल मैदान, नागढुंगा सुरुंग मार्ग, पेट्रोल खानी अध्ययन अनुसन्धान, पेट्रोलियम पाइपलाइन लगायतका देशलाई परिवर्तन दिन सक्ने विकासले विकासको अर्थ राख्छ। यसमा कुतर्क गनेहरुको कमि छैन। तर देशको विकास गर्ने हो भने अरुको कुरा काटेर बस्नेहरु भन्दा कसैका कुरा नसुनेर विकासलाई अघि बढाउने व्यक्ति नै साच्चै विकासवादी भनौं वा विकास प्रेमी भन्नु पर्छ। देशको विकासले देशका नागरिकहरुलाई लाभ होस्, देशलाई केही न केही आम्दानी बनोस्, देशका नागरिकहरुलाई विभिन्न हिसाबले सुविधा मिलोस् अनि पो विकासको अर्थ रहन्छ।

यति बेला देशमा विकासको चर्चा गरेर नथाक्नेहरुको कमि छैन तर उनीहरुको देश विकासका लागि देन भने निकै कम छ। देश विकास हुनका लागि देशको आर्थिक, सामाजिक, शैक्षिक, भौतिक, नैतिक, राजनीतिक तथा मानवीय हिसाबमा सवल र सक्षम हुनु पर्छ। यसका लागि सरकारी संयन्त्रहरु नै सवल र सक्षम हुनु आवश्यक छ। आफ्नाले भने पछि आवश्यकता नपरेका ठाउँमा आफन्त परेको, आफूलाई भोट दिएको, आफ्नो राजनीति दलको नेता कार्यकर्ता भएको नाताले विकास योजना दिने चलन रही आएको देखिन्छ। यस प्रकारको प्रवृति जवसम्म समाप्त हुदैन तवसम्म न्यायिक विकास वितरण संभव छैन। न्यायिक विकासको वितरणका लागि राज्यको शासन संचालन चुस्त दुरुस्त हुनु पर्छ भने योजना छनोट, बजेट विनियोजन र योजना वितरणमा निष्पक्षता राख्न सक्ने सरकारी संयन्त्र तथा निष्पक्ष प्रशासनको खाँचो पर्दछ। सबैको चेतना भया।

## रिबनको फूल जस्ती ..

विजेता चौधरी
गोरखापत्रबाट

……….. पाखाभरि
घाँस काट्ने हमिदा र मुनियाहरूको हातमा
हँसिया र खुर्पा देखेको थिएन समयले
यद्यपि बिसाएकी छैनन् उनले हतियार
किनभने वर्जनाका अनेक पर्खाल भत्काउँदै
आमन्त्रण गर्नु छ अझै
अनेक याम
र फुलाउनु छ फूलहरू
रिबनका सेता नीला फूलहरू ॥

## माफी

मीना श्रेष्ठ
फेसबुकबाट

सुनिरहेछु,
एकतमासको चिच्याहट,
उच्चाटलाग्दो बरबराहट
“खोई माफी मागेको?
हेर हेर ! अझै अहङ्कारको घडा छैन फुटेको!”
मागुँला माफी केही थान उत्तर दिन्छौ भने,
देओ उत्तर...
यी कस्ता अपराध थिए-
यो देश लाई प्रेम गर्नु
यो देश सिमा जोगाउनु
यो देशको गौरव बढाउनु
बिकास र समृद्धिका सपना देख्नु
र ती सपनालाई साकार पार्दै जानु...
यिनै र यस्तै गौरवशाली कार्य गर्नु
भुल हो भने मलाई माफ गर,
यो देश लुछ्नेको विरोध गर्दा
देशको निकास खोज्ने सन्धि गर्दा
खोसिएका जमिन दावी गर्दा
भ्रष्टाचारी,कामचोर र ठगहरूको सातो लिँदा
कोही रिसायो भनेर
तिनीहरूसँग मागुँ माफी?
स्वाभिमानको पक्षमा सतिसालजस्तै उभिँनु
गलत हो भने माफ गर
हिंसाको राजनीति गर्नेहरू,
देश टुर्क्याउछु भन्नेहरू
सबैलाई मुलधारको राजनीतिमा मिसाउनु
गल्ती भए माफ गर,
नाकाबन्दी को बिरुद्द बोल्नु अपराध भए,
मलाई माफ गर,
कुटनितीक हस्तक्षेप बिरुद्द ,
उनिहरु कै अगाडि बोल्नु पाप भए,
मलाई माफ गर,
म भ्रष्टाचारविरुद्ध लडिरहेको एउटा योद्धालाई,
जेनजीको नाममा युवाहरुलाई दिग्भ्रमित गरेर
मेरै घरमा आगो लगाउँदा
माफी माग्ने न्यायशास्त्र छ भने
मलाई माफ गर।
देखेको छु मैले पनि,
अहङ्कार गर्न हुन्न भन्दै
दम्भको घोडा चढेर
हिहिहिहि गर्दै खित्का छोड्नेहरू,
सुनेको छु,
गुटबन्दी गर्न हुँदैन भन्दै,
गुटकै खेतीमा मलजल गर्नेहरू,
भोगेकोछु,
धोका दिन हुँदैन भन्दै,
अंकमाल गरेर छुरी धस्नेहरू,
त्यसैले
जिन्दगीका चर्खाहरूमा,
हिसावकिताब बुन्न मन छ,
किनकि
उधारो कारोबार ठिक हुन्न,
एक दिन चुक्ता गर्न पर्छ।

# सुदूरपश्चिम एनपिएलको प्लेअफमा

सुस्केरा समाचारदाता

काठमाडौं, मंसिर । सुदूरपश्चिम रोयल्स अपराजित यात्रा जारी राख्दै नेपाल प्रिमियर लिग (एनपिएल) को प्लेअफमा पुगेको छ ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा शनिबार भएको खेलमा साविक उपविजेता सुदूरपश्चिमले साविक विजेता जनकपुर बोल्ट्सलाई ६ विकेटले हराएको हो ।

पाँचौं खेलसम्म जितको लय कायम राखेको सुदूरपश्चिम लिग चरणको दुई खेल अगावै प्लेअफमा पुगेको हो । जनकपुरलको निराशा भने अझै रोकिएको छैन ।

जितसँगै १० अङ्क बनाएको सुदूरपश्चिम तालिकाको शीर्ष स्थानमा छ । लगातार चौथो हार खेपेको जनकपुरले अङ्कको खाता खोल्न सकेको छैन । यस हारले तालिकाको अन्तिममा रहेको जनकपुरको अगाडि बढ्ने सम्भावना समाप्त भएको छ ।

जितका लागि १ सय ४६ रनको मध्यम लक्ष्य पछ्याएको सुदूरपश्चिमले १७.४ ओभरका चार विकेटको क्षतिमा एक सय ४८ रन जोड्दै लक्ष्य पूरा गरेको थियो ।

सुदूरपश्चिमका लागि इशान पाण्डेले अर्धशतकीय इनिङ्स खेल्नुभयो । उहाँले ३५ बलमा आठ चौका र एक छक्काको सहयोगमा सर्वाधिक ५६ रन बनाउनुभयो । यस्तै विनोद भण्डारी ले ४२ रन बनाउनुभयो । कप्तान दीपेन्द्रसिंह ऐरी १० र हर्मित सिंहले अविजित २५ रन बनाउनुभयो । बलिङमा जनकपुरका कमजोर देखियो ।

# पुस्तकप्रेमीको सभ्यता

- देवराज सिम्खडा(गोप)

..... ङ. स्थानीय तहमा पुस्तकालय

जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने सरकार र नजिकको अभिभावक स्थानीय तह नै हो । देशका ७५३ वटै स्थानीय तहमा कम्तीमा एक एक वटा नमुना पुस्तकालय स्थापना किन नगर्ने ? स्थानीय तह अन्तर्गत छ वटा महानगरपालिका, एघार वटा उपमहानगरपालिकाका, २७६ नगरपालिका र ४६० गाउँपालिकाका छ हजार ७४३ वडामा अत्याधुनिक उपकरणसहितका सुविधासम्पन्न पुस्तकालय स्थापना गरिनु पर्छ । स्थानीय तहले कृषकहरूका लागि कृषि ज्ञान केन्द्र, उद्यमीहरूका लागि सामुदायिक सिप विकास केन्द्र जस्ता सेवाप्रदायक निकायमा पुस्तकालय आवश्यक छ ।

च. प्रहरी कार्यालय र कारागारमा पुस्तकालय

देशका सबै प्रहरी कार्यालयमा अपराध अनुसन्धानको क्रममा हिरासतमा रहेका बन्दी र कारागारमा मुद्दाको पुर्पक्षका लागि रहेका कैदीबन्दीलाई पढ्न, लेख्न र समकालीन सूचना पाउने मौलिक हकको संवर्धनको मौका दिइनु पर्छ । यसका लागि ती निकायमा सुविधाजनक पुस्तकालय हुनु जरुरी छ ।

छ. कर र भन्सार कार्यालयमा पुस्तकालय

नागरिकहरूको अत्यधिक चाप हुने जिल्ला प्राशासन कार्यालय, कर तथा राजस्व सङ्कलन कार्यालय र भन्सार कार्यालयमा सेवा लिन पुग्ने सेवाग्राही घण्टौं कुर्नुपर्ने स्थिति छ । कर तथा भन्सार कार्यालयमा राजस्व बुझाउन जानेहरूको सम्मान र सुविधालाई मध्यनजर राखी आधुनिक पुस्तकालयको व्यवस्था गरिनु पर्छ ।

ज. विमानस्थल र बसपार्कमा पुस्तकालय

हामीलाई थाहा छ देशका आन्तरिक र बाह्य विमानस्थलका यात्रुको धेरै समय खर्च भइरहेको हुन्छ । यो प्रतीक्षावधि घटाउन नसके पनि यात्रुलाई पत्रपत्रिका, उपयोगी पुस्तक नि:शुल्क रूपमा पढ्न पाउने अवसर दिनु पर्छ । बसपार्क त्यहाँ पनि यात्रुले त्यत्तिकै लामो समय बिताउनुपर्ने हुन्छ । किरियापुत्री घरहरूमा सुहाउँदा र समसामयिक विषयका पाठ्यसामग्री सुविाजनक पुस्तकालय स्थापना गरिनु पर्छ ।

झ. राजनीतिक दलका कार्यालयमा पुस्तकालय

स्थापित दर्शन र सिद्धान्तको आधारमा गठन भएका राजनीति दल र तिनका भातृ सङ्गठनको बाक्लो जमघट भइरहने स्थान हुन्, पार्टी कार्यालय । त्यहाँ दर्शनशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र, विज्ञान, संस्कृति र समकालीन साहित्यसम्बन्धी पुस्तक, पत्रपत्रिकाको सङ्ग्रह गर्नु सामाजिक उत्तरदायित्व हो ।

ञ. डुलुवा/घुमन्ते पुस्तकालय

जहाँ बस्ती छ, बस्तीमा धेरै मानिसको बसोबास छ, ती स्थानमा उपयुक्त हुने पाठ्यवस्तु पुऱ्याइँ पढ्ने अवसर प्रदान गर्न सकिन्छ । चाडपर्व, मेला, जात्रा तथा स्वास्थ्य शिविर, सभा सम्मेलन, हाटबजार र लामो दुरीमा चल्ने ठुला सवारीसाधनमा, खेतीपातीको मौसम अनुसारका पुस्तकहरू नि:शुल्क रूपमा पुऱ्याइदिनु पर्छ ।

निष्कर्ष

हामी नेपाली सेवालाई कर्तव्य ठान्छौं । सामाजिक परम्परा अनुसार घर घरमा विभिन्न उत्सव मनाउँछौं । उदाहरणका लागि, जन्मोत्सव, विवाह उत्सव, बधाई तथा शुभकामना अर्पण गर्ने अवसरमा उपहार दिने सकिन्छ । वैज्ञानिक उपकरण थपेर सूचना तथा सञ्चार प्रविधि जोडेर यसलाई





एनपिएललाई स्पिरिट अफ क्रिकेट अवार्ड प्रदान गरिदै ।

# डोल्पाली चेतनामा विस्तारै सुधार हुँदै

सुस्केरा समाचारदाता

डोल्पा, मंसिर । डोल्पाली समाज पछिल्लो समय सचेत र चेतनशील रहेको देखिएको छ ।

डोल्पा विभिन्न तीन भेगमा समेटिएको छ । यी तिनै भेगमा पहिलेको भन्दा पछिल्लो समय समाजमा सकारात्मक परिवर्तन आएको छ । यो सबै सामाजिक चेतनामा भएको विकासका कारण भएको हो ।

डोल्पाको तल्लो र मध्य भेगमा सामाजिक विकास निकै विकसित भएको पाइन्छ । यहाँ जीवन यापन गर्ने शैलीमा समेत विकासित बनेको हो । खानपान, लवाई खवाई, सरसफाई सबै तिर विकसित भएको मान्न सकिन्छ । करिब २० वर्ष अघिका गाउँबस्ति र अहिलेका गाउँबस्तिहरुमा धेरै अन्तर देखिन्छ ।

सबैभन्दा सामाजिक जीवनयापनमा सुधार भएको मान्न सकिन्छ । सामाजिक जीवनयापनमा सुधार हुँदा समाजमा फैलिने विभिन्न प्रकारका महामारिहरुमा समेत कमि आएको मान्न सकिन्छ ।

तर सामाजिक संस्कारमा भने क्षयिकरण भएको जस्तो समाजमा अनुभव गरिएको छ । किन भने समाजका युवा पुस्ताहरु सबै पढाईको उद्देश्य पुरा गर्नका लागि घरसमाज बाट टाढा जादा गाउँघरका विभिन्न सामाजिक संस्कारहरु बिर्सने, सामाजिक संस्कार अपनाउन लाज तथा सरम मान्ने अवस्था बढेको पाइन्छ । यसले समाजले आफ्नो रीतिरिवाज, परम्परा, धर्म संस्कार भुल्न सक्ने अवस्था आउने र सामाजिक संस्कार तथा परिवेश हराउदै जान सक्ने खतरा पनि बढेको देखिन्छ। यसमा समाजका सबै पक्ष सचेत र आफ्नो परम्परा जोगाउन सक्रिय हुनु आवश्यक छ ।

अझै समाजमा हुने विभिन्न प्रकारका विकृतिहरुलाई अन्त्य गर्नका लागि सबैको हातेमालो जरुरी छ ।

## सामान्य ज्ञान ११

*१. जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३० औं सम्मेलन (कोप-३०) को आयोजना कुन देशमा भएको हो ?*

*☐ बेलेम, ब्राजिल (सन् २०२५ नोभेम्बर १०-२१)*

*- कोप-३० मा कृषि तथा पशुपन्छी विकासमन्त्री डा.मदनप्रसाद परियारको नेतृत्वमा नेपालले सहभागिता जनाएको ।*

*२. १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि तय गरिएको नयाँ मिति कुन हो ?*

*- विसं २०८२ फागुन १-७ (कर्णाली प्रदेश)*

*- राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताको अध्यक्षतामा कात्तिक १९ मा बसेको बोर्ड बैठकले १० औं राष्ट्रिय खेलकुद फागुन १ देखि ७ सम्म गर्ने निर्णय गरेको ।*

*३. सगरमाथाको पहिलो सफल आरोहण दलका सदस्य आङ फुर्बा शेर्पाको निधन कहिले भएको हो ?*

*☐ विसं २०८२ असोज ३० (९२ वर्षको उमेरमा)*

*४. थाइल्यान्ड र कम्बोडियाबिच विस्तारित युद्धविराम सम्झौतामा कहिले हस्ताक्षर भएको हो ?*

*☐ सन् २०२५ अक्टोबर २६*

*- सम्झौता अनुसार थाइल्यान्डले कम्बोडियाका कैदीलाई मुक्त गर्ने तथा कम्बोडियालेपहिलो चरणमा आफ्ना भारी तोपखाना फिर्ता लैजान सुरु*

# सुशासनका लागि संसद्

- कृष्णा पौडेल

न्यूज एजेन्सी नेपालकी प्रकाशक तथा सम्पादक कृष्णा पौडेल जलवायु न्याय, नीति वकालत तथा समसामयिक विषयमा कलम चलाउँछिन् ।

सुशासन, पारदर्शिता र जवाफ देहिताका सवाल उठाउँदै आएको जेन-जी आन्दोलनले चुनावी सरकार गठन गरे पनि संसद् बिना मागहरू संस्थागत हुन सक्दैनन् ।

संसद्ले मात्र कार्यपालिकामाथि सन्तुलन, कानुन निर्माण र जनताको आवाजलाई वैधानिकता दिन सक्छ, त्यसैले निर्वाचनमार्फत योग्य प्रतिनिधि संसद्मा पुर्याउनु सुशासनको आधार हो ।

गैरदलीय सरकार संक्रमणकालीन उपाय भए पनि दीर्घकालीन सुशासन र नागरिक प्रतिनिधित्वका लागि संसद् अपरिहार्य छ ।

यो सारांश ब्ञ द्वारा सिर्जना गरिएको हो ।

गैरदलीय अन्तरिम सरकारको प्रमुख कार्यभार प्रतिनिधिसभाको निर्वाचन हो । सामाजिक सञ्जाल बन्दको विरोधबाट सुरु भएको जेन-जी आन्दोलनमा सुशासन, पारदर्शिता, जवाफदेहिता, सार्वजनिक स्रोतको सदुपयोगलगायत सवाल थपिँदै गए ।

आन्दोलनले चुनावी सरकार गठन त गर्‍यो, तर अहिले केही जेन-जी नेतृत्वले भनिरहेका छन्, 'चुनाव हाम्रो प्राथमिकता होइन' । केहीले 'नेतालाई गृहजिल्ला प्रवेश गर्न नदिने', 'झन्डा खोस्ने' जस्ता चेतावनी पनि दिएका छन् । अहिलेको अवस्थामा सुशासन सुनिश्चित गर्न संसद् आवश्यक छ । सुशासनको आधारभूत संरचना हो- संसद्, किनकि यसले कार्यपालिकाको कार्यसम्पादन परीक्षण गरी सन्तुलन कायम राख्न सक्छ । शक्ति सन्तुलन भएन भने कार्यपालिका निरंकुश बन्छ

संसद्ले असल काम गरेको भए वर्तमानको परिस्थिति आउँदैनथ्यो । संसद्ले 'सामाजिक सञ्जालमाथिको प्रतिबन्ध गलत छ' भनेको भए र सरकारलाई फिर्ता लिन बाध्य बनाएको भए परिस्थिति अर्कै हुने थियो । संसद्ले 'संसद् जस्तो' भूमिका निर्वाह गर्न नसकेका कैयौं दृष्टान्त छन् । संसद्ले वर्तमान प्रधानमन्त्री सुशीला कार्कीलाई प्रधानन्यायाधीश भएका बेला महाअभियोग लगाएर थन्क्याएको थियो । तत्कालीन अख्तियार प्रमुख लोकमान सिंह कार्कीलाई महाअभियोग लगायो, तर दुवैलाई टुंगोमा पुर्‍याएन ।सुशासनको आधारभूत संरचना हो- संसद्, यसले कार्यपालिकाको कार्यसम्पादन परीक्षण गरी सन्तुलन कायम राख्छ, शक्ति सन्तुलन नभए कार्यपालिका निरंकुश बन्छ ।

संसद्को विगतका कमजोरीकै कारण जनतामा संसदीय व्यवस्थाप्रति नै विश्वास टुट्न थालेको हो । यही यथार्थको जगमा अहिलेको सरकारको आयु लामो देख्न चाहनेको संख्या बढ्नुलाई स्वाभाविक मान्न सकिन्छ । तर, मान्छेको स्वभाव, पद प्रतिष्ठाको लालच अस्वाभाविक पनि होइन । त्यसैले नेतृत्वलाई सही बाटोमा राख्न उसका कामकारबाहीलाई शक्ति पृथकीकरणको सिद्धान्तअनुसार कानुन र पद्धतिकै कसीमा जाँच गरिनुपर्छ । त्यो जाँच गर्ने निकाय संसद् नै हो ।

जनतालाई अघि सारेर विभिन्न समयमा आन्दोलन गरियो । शासन प्रणाली परिवर्तन भयो । जनप्रतिनिधिमार्फत जनअपेक्षाअनुसार संविधान बन्यो भनेर नागरिक खुसी भए । तर, भ्रष्टाचार अन्त्य भएन । नागरिक सेवा प्रवाह जटिल बन्यो । तहगत सरकारको अधिकार प्रत्यायोजनमा समस्या देखियो । अन्तरसरकार बुझाइमा एकरूपता हुन सकेन । राजनीतिक दलको प्राथमिकता, नेताको सोच र जीवनशैलीमा तात्त्विक भिन्नता आएन । कानुन बनाउन हतार गरियो । प्राकृतिक स्रोत र वित्तमाथिको अधिकारबारे संविधान जारी भएको यत्तिका समयसम्म पनि विवाद कायमै हुनु यसको ज्वलन्त उदाहरण हो । अहिले संघीयतामाथि नै प्रश्न उठेको छ ।

राजनीतिक व्यवसायको उत्पादनलाई प्रजातन्त्र, लोकतन्त्र अनि गणतन्त्रको नाममा दल र नेताले ब्रान्डिङ गरिरहे । हरेक संस्करणले जनतामा अथाह आशा, भरोसा र विश्वास बोकेर आए । स्वार्थको रोटी सेक्न पारंगत नेताहरूले विभिन्न बहानामा समय गुजार्ने काम गरे । संसद् पुनःस्थापनाको विषय अदालतमा भएकाले त्यसमाथि चर्चा नगरौं । तर नेताहरूले शक्तिको आडमा आफू अनुकूल संसद् विघटन, अध्यादेशमार्फत जनतामाथि शासन गरिरहे ।

जेन-जी आन्दोलनका माग संस्थागत हुनुपर्छ । सडक अनि ज्ञापनपत्र दिन मन्त्रीका दैलादैला पुगेका जेन-जीका माग संसद्बिना स्थापित हुन सक्दैन । ज्ञापनपत्र लिएर आएको जेन-जी समूहलाई शिक्षामन्त्री महावीर पुनले भनेका थिए, 'ज्ञापनपत्र बुझाउँदै हिँड्ने होइन, निर्वाचन जितेर आफ्नो सरकार बनाउने । अनि माग पूरा गर्ने ।' प्रतिनिधिसभा कानुन बनाएर विधिवत् माग सम्बोधन गर्ने थलो हो । त्यसैले, निर्वाचनमार्फत आफ्नो प्रतिनिधित्व बढाऊ अनि माग सम्बोधन हुने गरी विधि निर्माण गर भन्ने नै यसको सन्देश हो ।

संसद्ले मात्रै जनताको बहुआयामिक र भौगोलिक भावनाको प्रतिनिधित्व गर्छ । जेन-जी आन्दोलनको आवाज संसद्को रोस्ट्रममा पुग्नुपर्छ । संसद्बिना सडक र सामाजिक सञ्जालका भित्तामा देखिएका विरोधका आवाज संस्थागत हुन सक्दैनन् । आन्दोलनले समस्या देखाउँछ र जनताको सहमति जुटाउँछ तर संसद्ले .. (ईकान्तिपुर)

---

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
## सामाजिक विकास कार्यालय
डोल्पा

प.सं.: २०८२।०८३ च.नं-

**आगामी आ.व.२०८३।०८४ मा कार्यान्वयन हुने आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशन मितिः-२०८२।०८।१०**

श्री सम्पूर्ण सरोकारवालाहरु,
डोल्पा।

प्रस्तुत सन्दर्भमा कर्णाली प्रदेश सरकार अन्तर्गत यस सामाजिक विकास कार्यालय डोल्पाबाट कार्यान्वयन गरिने आर्थिक वर्ष २०८३।०८४ का विकास आयोजनाहरु कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२ को दफा, ४ को उपदफा (१) मा व्यवस्था भए बमोजिम मिति २०८२ मंसिर मसान्तसम्म आयोजना प्रस्ताव पेश गर्न सम्बन्धित सरोकारवालाहरुका लागि यो सूचना प्रकाशित गरिएको बेहोरा जानकारी गरिन्छ।

**पुनश्च :-** प्रस्ताव पेश गर्दा अन्य स्रोतबाट कार्यान्वयन हुने विकास आयोजना र हाल सञ्चालनमा रहेका विकास आयोजनाहरुसँग दोहोरो नपर्ने गरी कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन)कार्यविधि, २०८२ को अनुसूची -१ मा उल्लिखित विषयक्षेत्रको अधिनमा रही अनुसूची – २ बमोजिमको ढाँचामा आयोजनाहरुको प्रस्ताव पेश गर्नुपर्ने छ। यस सम्बन्धमा आवश्यक पर्ने कार्यविधि तथा अनुसूची फाराम यस कार्यालयको वेवसाइट sdodolpa.karnali.gov.np वा kppc.karnali.gov.np बाट डाउनलोड गर्न सकिनेछ। अन्य थप जानकारीका लागि सूचना अधिकारीको मोवाइल नं ९८५८०७१५८८ मा सम्पर्क गर्न सकिनेछ।

दर्गा विष्ट
सामाजिक विकास अधिकृत

दुर्गा विष्ट
सामाजिक विकास अधिकृत

व्यावसायिक र सिर्जनशील प्रशासन : विकास समृद्धि र सुशासन "
☎०८७-५५००५८, ,website : sdodolpa.karnali.gov.np

# दीर्घकालीन लगानीको प्रत्याभूति

- उद्धप सिलवाल

रेमिट्यान्स बढ्नुमा वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढ्नुलाई मुख्य कारणको रूपमा लिइएको छ तर आन्तरिक माग र उपभोग दुवै बढ्न सकेको छैन ।

अहिले भएको तरलता कम गर्न पुनर्निर्माणलाई समय सापेक्ष रूपमा अगाडि लान सक्नु पर्छ । अनि मात्रै निजी क्षेत्रको मनोबल बढ्छ ।

देशमा उपलब्ध जल, जमिन, जङ्गल, जनशक्तिलाई उपयोग गर्दै स्वदेशमै सामाजिक, व्यावसायिक, उद्यम र नवीन कामको नेतृत्वलाई उच्च प्राथमिकतामा राखी यसअघि हुन नसकेका काममा जति सक्यो छिटो नीतिगत सुधार गरी निजी क्षेत्रमाथि पर्न गएको असुरक्षा, अविश्वास र अन्योलतालाई सदाका लागि अन्त्य गरी सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने अवस्था देखिएको छ ।

चालु आर्थिक वर्षको तीन महिनामा पाँच खर्ब ५३ अर्ब ३१ करोड रुपियाँ रेमिट्यान्स भित्रिएको छ । यो अघिल्लो वर्षको असोज महिनाको तुलनामा ३५.४ प्रतिशत बढी हो । गत आवको असोज मसान्तसम्म चार खर्ब सात अर्ब ३१ करोड रुपियाँ रेमिट्यान्स प्राप्त भएको नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । रेमिट्यान्स बढ्नु राम्रो पक्ष हो तर रेमिट्यान्सको पैसाले ठुला र राष्ट्रिय महत्वको पूर्वाधार परियोजना निर्माण हुन नसक्ने हुँदा त्यस्ता कार्यका लागि पुँजी जुटाउने वातावरण आवश्यक देखिएको छ ।

रेमिट्यान्स बढ्नुमा वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढ्नुलाई मुख्य कारणको रूपमा लिइएको छ तर आन्तरिक माग र उपभोग दुवै बढ्न सकेको छैन । नेपालमा बस्ने वातावरण नभएको भन्दै बिदेसिने क्रम बढेको कारण उपभोगमा समेत प्रभाव परिरहेको छ । दुःखको कुरा हामीकहाँ प्राप्त भएको रेमिट्यान्सको समेत सही सदुपयोग हुन सकेको छैन । रेमिट्यान्सको अधिकांश रकम गाँस, बास र औषधोपचारमा खर्च हुँदा रेमिट्यान्सले पुँजी निर्माण कार्यमा सहयोग पुऱ्याएको देखिँदैन । पुँजी निर्माण हुन नसकेपछि रोजगारीको अवसर सिर्जना हुन सकेको छैन । जसको कारण भोलिका दिन रेमिट्यान्समै भर पर्नुपने अवस्थासमेत आउन सक्ने सम्भावना देखिएको छ ।

जेनजी आन्दोलनपछि नेपाल अग्रगामी परिवर्तनको नयाँ राजनीतिक अभ्यासको चरणमा प्रवेश गरेको छ । डा. राजेन्द्र केसीको पुस्तक वैकल्पिक सोचमा उल्लेख भए जस्तो नयाँ वस्तु बन्ने क्रममा पुरानो वस्तुको अन्त्य अवश्यभावी हुन्छ । पुरानोको ध्वंसपछि नै नयाँ निर्माण हुने हुँदा 'निषेधको निषेध' सिद्धान्तले भने जस्तो नयाँ वस्तुले पुरानो वस्तुलाई निषेध गरे जस्तो अहिलेको अवस्थामा राज्यले विगतमा भएको कुरालाई छाडेर निजी क्षेत्र असुरक्षित हुने वातावरण अन्त्य गरी विश्वासको वातावरण सिर्जना गर्नुपर्ने देखिएको छ । अहिले वस्तु तथा सेवाको माग नै कम हुन थालेपछि लगानीमा सङ्कुचन आउन थालेको हो । यसले देशमा उद्योग धन्दाको वातावरण बन्न नसक्ने कुरालाई पुष्टि गर्छ । सोही कारण आन्तरिक उत्पादन र रोजगारी सिर्जनामा क्रिटिकल अवस्था देखिन थालेको हो । यिनै कारणले राज्यले खर्च बढाउन सकेको छैन ।

अहिले निजी क्षेत्र व्यवसाय टिकाउने पक्षमा मात्रै केन्द्रित भएको देखिन्छ । दीर्घकालीन लगानी निजी क्षेत्रको प्राथमिकतामा परेको देखिँदैन । यस्तो अवस्थामा संस्थागत निक्षेपको रूपमा बैङ्क तथा वित्तीय संस्थामा रहेको र कम, कल्याणकारी कोषमा रहेको र कम एवं बिमा कोषमा रहेको रकम लाई परिचालन गरी राज्यले देशभित्र आर्थिक गतिविधि बढाउनेतर्फ काम गर्न सक्नु पर्छ । अनि मात्रै रोजगारीको अवसर सिर्जना हुन सक्छ ।

निजी क्षेत्र अझै पनि पर्ख र हेरको अवस्थामा रहेका छन् । भोलिको अवस्था के हुन सक्छ भन्ने आकलन गर्न सक्ने अवस्था अहिले देखिँदैन । अर्थतन्त्र तरलताको चापमा परेको छ । करिब तीन वर्षदेखि वित्तीय प्रणाली अधिक तरलताको सकसबाट बाहिर आउन सकेको छैन । नयाँ कर्जा माग नभएपछि बैङ्क तथा वित्तीय संस्थामा चालु आवको पहिलो चौमासिक अवधिसम्म ११ खर्बभन्दा धेरै ऋण दिन मिल्ने रकम (अधिक तरलता) रहेको छ । यस्तो अवस्थामा रेमिट्यान्समा भएको बढोत्तरीले अधिक तरलता बढाउन सहयोग पुऱ्याइरहेको छ ।

यस्तो अवस्थामा हामीकहाँ लगानी सुरक्षा कमजोर हुनुमा नीतिगत निरन्तरताको कमीलाई लिइएको छ । स्थिरता नभएको ठाउँमा लगानीले निरन्तरता पाउन सक्दैन । ऐन, नियम र सम्झौताको पूर्ण पालना हुन नसक्दा निजी क्षेत्रको मनोबलमा सुधार आउन सकेको छैन । सरकारी कार्यालयमा हुने प्रशासनिक ढिलासुस्ती एवं गैरपारदर्शी निर्णय प्रक्रियाले गर्दा लगानीको लागत बढ्न गई लगानीकर्ता आकर्षित हुनुपर्नेमा निरुत्साहित भइरहेका छन् । स्वदेशी वा विदेशी जुनसुकै लगानीकर्ताले कुनै पनि देशमा लगानी गर्नुअघि विभिन्न जोखिम र प्रतिफलको मूल्याङ्कन गर्छन् । हामीकहाँ दीर्घकालीन योजनाको अभाव रहेको छ । लगानीकर्ताले २०-३० वर्षसम्मको व्यवसायको योजना बनाउन सक्ने गरी स्थिर र अनुमानयोग्य नीति रुचाउँछन् । त्यसैले लगानीकर्ताको विश्वास जित्न र लगानीको सुरक्षित वातावरण बनाउनका लागि राज्यले तत्काल र दीर्घकालीन रूपमा काम गर्नुपर्ने भएको छ ।

अहिले भएको तरलता कम गर्न पुनर्निर्माणलाई समय सापेक्ष रूपमा अगाडि लान सक्नु पर्छ । अनि मात्रै निजी क्षेत्रको मनोबल बढ्छ । आन्दोलनको क्रममा खरानीमा परिणत भएका भौतिक पूर्वाधार निर्माणलाई अगाडि नबढाउने हो भने आर्थिक र राजनीतिक रूपमा समाजमा निराशा, असुरक्षा र अन्योलता बढ्ने छ । अहिलेको समय भनेको आन्दोलनको क्रममा खरानीमा परिणत भएका भौतिक पूर्वाधारको पुनर्निर्माण र आर्थिक पुनरुत्थानको समय हो । व्यापारिक र निजी संरचनाको क्षतिको आकलन आइसकेको छ । उक्त क्षतिको पूर्ति गर्न सक्नु पर्छ । भौतिक पूर्वाधारमा अकल्पनीय क्षति भएका कारण अब पुनर्निर्माणको योजना बनाउँदा कार्यान्वयनमुखी योजना बनाउनुपने खाँचो आमनागरिकले महसुस गरेका छन् ।

पुनर्निर्माणको कार्य सुरु भएमा नेपाली श्रमिकको सिपको उपयोग भई रोजगारी अवस्था सिर्जना हुने छ । यसले अर्थतन्त्रमा आन्तरिक माग बढाउन महत्वपूर्ण भूमिका खेल्ने छ । २०७२ मा गएको आमविनाशकारी भूकम्पपछिको पुनर्निर्माणले आर्थिक गतिविधि चलायमान बनाएको कारण अर्थतन्त्रमा सुधारको सङ्केत सुरुवाती चरणमै देखिन थालेको थियो । त्यसपछि सुरु भएको कोभिड महामारी, रुस युक्रेन युद्धबाट सिर्जना भएको आपूर्ति अवरोध र आर्थिक अस्थिरता, न्यून आय, व्यक्तिगत आय तथा राष्ट्रिय बचतको सीमितताको कारण ........ (गोपबाट)


## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा



## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात सावुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

# प्रविधि सदुपयोग र लैंगिक हिंसा अन्त्य

- विश्वनाथ खरेल(राजधानी)

आधुनिक युगमा प्रविधिले मानव जीवन सहज र समृद्ध बनाएको छ । जबकि, इन्टरनेट, सामाजिक सञ्जाल र डिजिटल उपकरणले सूचना आदानप्रदानलाई तीव्रता दिएका छन् । तर, यो प्रविधिको दुईधारी तरबारजस्तो छ, एकातिर यसले सशक्तीकरणको द्वार खोलेको छ भने अर्कोतिर यसले नयाँ प्रकारका हिंसालाई जन्म दिएको छ । विशेषगरी महिला र बालिकाका लागि 'डिजिटल हिंसा' घातक चुनौती बन्दै छ । सन् २०२५ मा विश्वव्यापी रूपमा मनाइने लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान यसै सन्दर्भकेन्द्रित छ। यस अभियानको अन्तर्राष्ट्रिय नारा 'सबै महिला र बालिकामाथि हुने डिजिटल हिंसाको अन्त्य गर्न जुटौं' र राष्ट्रिय नारा 'प्रविधिको सही प्रयोग गरौं : लैंगिक हिंसा अन्त्य गरौं' तय गरिएको छ । जसले गर्दा यसले डिजिटल युगको यो 'कालो पक्ष' उजागर गदै सामूहिक प्रतिबद्धता आह्वान गर्छ।

नेपालमा यस अभियानलाई स्थानीय सन्दर्भसँग जोडेर राष्ट्रिय नारा ' प्रविधिको सही प्रयोग गरौं : लैंगिक हिंसा अन्त्य गरौं' तय गरिएको छ । यस नाराले प्रविधिलाई हिंसाको साधन नभई समाधानको माध्यम बनाउन जोड दिएको छ । यो नारा डिजिटल हिंसा अन्त्य र प्रविधि सकारात्मक उपयोगमा केन्द्रित छ । नेपालको बहुसांस्कृतिक समाजमा लैंगिक समानताको यात्रालाई तीव्रता दिन्छ । लैंगिक हिंसा कुनै निजी समस्या होइन, यो सामाजिक र संरचनागत विभेदको परिणाम हो ।

संयुक्त राष्ट्रसंघका अनुसार विश्वमा प्रत्येक तीन महिलामध्ये एक शारीरिक वा यौनजन्य हिंसाको सिकार हुन्छन् । डिजिटल युगमा यो हिंसा अनलाइन रूपमा फैलिएको छ । साइबरबुलिङ, ट्रोलिङ, इमेज आधारित यौन शोषण (सेक्स्टर्सन) आदि यसमा पर्छन् । नेपाल प्रहरीको तथ्यांकअनुसार घरेलु हिंसाका घटनामध्ये धेरै डिजिटल माध्यमबाट प्रेरित छन् । लैंगिक हिंसाविरुद्धको यस अभियानको जरा सन् १९९१ मा जोडिन्छ । जबकि सेन्टर फर वुमन्स ग्लोबल लिडरसिप (सीडब्लूजीएल)ले २३ देशका महिला अधिकारकर्मीसँग मिलेर यो अभियान सुरु गऱ्यो । यो अभियान सुरुवात डोमिनिकन गणराज्यका मिराबेल दिदी बहिनी (प्याट्रिया, मिनर्वा र मारिया) हत्याबाट प्रेरित थियो । सन् १९६० मा तानाशाह राफेल त्रुजिल्लोको सरकारले राजनीतिक विरोधका कारण यी दिदीबहिनीलाई क्रूरतापूर्वक हत्या गरेको थियो । संयुक्त राष्ट्रसंघले २५ नोभेम्बर १९९९ मा 'अन्तर्राष्ट्रिय महिला हिंसाविरुद्ध दिवस' घोषणा गऱ्यो । यस दिवसबाट सुरु हुने १६ दिने अभियान १० डिसेम्बर 'मानवअधिकार दिवस'सम्म चल्छ ।

नेपालमा भने यो अभियान सन् २००० को आसपासबाट सुरु भयो । सन् २०२५ मा डिजिटल हिंसाकेन्द्रित नाराले यस अभियानलाई नयाँ आयाम दिएको छ । यो परिवर्तन कोभिड-१९ महामारीपछिको डिजिटल विकाससँग जोडिएको छ । युनिसेफका अनुसार बालिकाको ११ प्रतिशतले अनलाइन यौन शोषण सामना गरेका छन् । नेपालमा राष्ट्रिय महिला आयोगको तथ्यांकअनुसार डिजिटल हिंसाका घटना ३० प्रतिशतले बढेका छन् । यस अभियानले हिंसाको जरा पितृसत्तात्मक सोच, असमानतालाई सम्बोधन गर्दै सामूहिक जागरणको सन्देश बोकेको छ । 'डिजिटल हिंसा' भन्नाले इन्टरनेट वा डिजिटल माध्यमबाट हुने मानसिक, शारीरिक वा यौनजन्य आघात हो । यसका रूपमा साइबर स्टकिङ (निरन्तर अनलाइन ट्र्याकिङ), रिभेन्ज पोर्न (पुरानो सम्बन्ध टुटेपछि निजी तस्बिर सार्वजनिक गर्ने ), अनलाइन ह्यारासमेन्ट (यौनजन्य टिप्पणी वा धम्की) आदि पर्छन् । संयुक्त राष्ट्रसंघको महिलाविरुद्ध हिंसा उन्मूलन घोषणा (१९९३)ले यस्ता हिंसालाई 'मानवअधिकार हनन' ठहऱ्याएको छ ।

युरोपेली संघको रिपोर्टअनुसार ७० प्रतिशत महिला अनलाइन हिंसा भोगिरहेका छन् । भारतमा नेसनल क्राइम रेकर्ड्स ब्युरोका अनुसार साइबर क्राइमका ४० प्रतिशत पीडित महिला छन् । अफ्रिकामा बालिकाको २० प्रतिशत मोबाइलमार्फ डिजिटल शोषणको सिकार भएका छन् । यो हिंसा सहरीदेखि ग्रामीण क्षेत्रसम्म फैलिएको छ। डिजिटल हिंसापीडितको मानसिक स्वास्थ्यमा गहिरो असर पार्छ । जसले गर्दा डिप्रेसन, आत्महत्या प्रयास बढ्छ । यसले महिलाको सार्वजनिक सहभागिता सीमित गर्छ । जसले आर्थिक र राजनीतिक सशक्तीकरणमा बाधा पुऱ्याउँछ ।

युनिसेफको अध्ययनअनुसार नेपालजस्ता विकासोन्मुख देशमा बालिकाको १५ प्रतिशतले 'अनलाइन ग्रुमिङ' (यौन शोषकले विश्वास जितेर लोभ्याउने)को सिकार भइरहेका छन् । युरोपेली युनियनको डिजिटल सर्भिसेज एक्ट (डीएसए)ले अनलाइन प्लेटफर्मलाई हिंसा रोक्न सघाएको छ । संयुक्त राष्ट्रसंघको साइबर भिलेन्ट कन्ट्रान्ट इन्स्टिच्युटले पनि विश्वव्यापी नीति निर्माणमा सहयोग पुऱ्याएको छ नेपालमा इन्टरनेट प्रयोगकर्ता १ करोड ३० लाखभन्दा बढी छन् । जसमध्ये ४० प्रतिशत महिला छन् । प्रहरीको तथ्यांकअनुसार सन् २०२४ मा ५ सयभन्दा बढी 'साइबर क्राइम' दर्ता भए, जसमध्ये ६० प्रतिशत महिलाविरुद्ध थिए । ग्रामीण क्षेत्रमा 'स्मार्टफोन' पहुँच बढेसँगै फेसबुक वा टिकटकमार्फत 'ट्रोलिङ' बढेको छ । हाम्रो समाजमा प्रविधि दुरूपयोग जस्तै फेक भिडियो वा मोरफिङले सामाजिक कलह बढाएको छ । मुलुकमा लैंगिक हिंसाको रूप विविध छन् । घरेलु हिंसा ७० प्रतिशत छ । जसमध्ये २० प्रतिशत डिजिटल माध्यमबाट हुन्छ । यसमध्ये पनि मधेश प्रदेशमा सबैभन्दा बढी घटना दर्ता भएका छन् । जसमा ५ हजार ५ सय ९६ केस छन् ।

नेपालको संविधान (२०७२)ले लैंगिक समानतालाई मौलिक अधिकार ठहऱ्याएको छ । घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ ले डिजिटल हिंसालाई पनि सम्बोधन गर्छ । तर, कार्यान्वयन कमी छ । विद्यालयमा 'सेफ अनलाइन कक्षा' चलाउन सकिन्छ । जसले बालिकालाई सशक्त बनाउँछ । नेपालको बहुजातीय समाजमा जातीय, धार्मिक विभेदसँग जोडिएको हिंसा छ । प्रविधि सही प्रयोगले यस्ता पूर्वाग्रहलाई निस्तेज पार्न सघाउ"छ ।


कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
दुनै, डोल्पा

आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना।
प्रकाशित मिति: २०८२/८/१०

कर्णाली प्रदेश सरकारले सन्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माण सँग सम्बन्धित आयोजना हरुको पहिचान ,प्रस्ताव ,विश्लेषण,मूल्याङ्कन, प्राथमिकिकरण र छनौट प्रक्रियालाइ वस्तुनिष्ठ एवम माग र आवश्यकतामा आधारित बनाइ उपलब्ध स्रोत साधनको उच्चतम उपयोग हुने गरी विनियोजा कुशलता कायम गर्न र आयोजना छनौट प्रक्रियामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहिता बढाउदै आयोजना अनुशासन कायम गरी आयोजन छनौट प्रक्रियालाइ व्यवस्थित ,प्रणालीबद्ध तथा संस्थागत गर्ने गरी तयार भएको आयोजनाको प्रस्ताव छनौट प्रक्रिया सम्बन्धि दोस्रो संसोधन कार्यविधि २०८२ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८३/२०८४ को लागी यस कार्यालय बाट कार्यान्वयन गरिने आयोजनाहरुको मिति मंसिर मसान्त भित्र यस कार्यालयमा आयोजना प्रस्ताव पेश गर्नुहुन प्रदेश सभा सदस्य ज्यु तथा ८ आठ वटै स्थानिय तहको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा अन्य निकाय/ स्रोतबाट कार्यान्वयन गर्ने विकास आयोजना, हाल सन्चालनमा रहेका विकास आयोजना र यस कार्यालयको कार्यक्षेत्र भित्रका आयोजना बैंक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भएको आयोजनासंग दोहोरो नपर्ने गरी कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनौट प्रक्रिया सम्बन्धि दोस्रव संसवधन कार्यविधि २०८२ को अनुसूची १ मा उल्लिखित विपय क्षेत्रको आधारमा रही ,अनुसूची २ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव गर्नुपर्नेछ। यस सम्बन्धमा आवश्यक पर्ने कार्यविधि तथा जानकारी कर्णाली प्रदेश सरकार योजना आयोगको वेवसाइट **kppc.karnali.gov.np** तथा अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा कार्यालयको टेलिफोन नम्वर ०८७-५५०१७६ वा इमेल **idodolpa@gmail.com** मार्फत सम्पर्क गर्न सकिनेछ ।

८।१०
कांर्यालय प्रमुख
कार्यालय प्रमुख

# मोबाइल प्रेमको असर

- नरेन्द्रप्रसाद पन्त

बालबालिकाले सबै कुरा आफूले प्रत्यक्ष रूपमा गरेर अथवा आफूभन्दा ठूला व्यक्तिसँग सिक्दै जाने हो ।

विज्ञान र प्रविधिको विकाससँगै मोबाइल प्रयोगमा आउनु राम्रो विकासको कुरा हो तर पछिल्लो समय मोबाइलको सही प्रयोगभन्दा दुरुपयोग बढदै गएको छ ।

मोबाइलको सही प्रयोग गर्न सके फाइदै फाइदा छन् । त्यसैले मोबाइल कुन उमेर समूहसम्म चलाउन पाउने, सामाजिक सञ्जालमार्फत के के कुरा हरू हेर्न पाउने, सामाजिक सञ्जालमा के के कुरा लेख्न पाउने वा नपाउने भन्ने विषयमा कानुनी संरचना बनाउन आवश्यक रहेको देखिन्छ ।

आजकल बालबालिकाले धेरै समय मोबाइलमा बिताउने गरेको पाइन्छ । अभिभावकका लागि पनि बालबालिका भुलाउने गतिलो माध्यम बनेको छ, मोबाइल । आफू पनि मोबाइलमा व्यस्त हुने र बालबालिकालाई पनि मोबाइल खेल्न दिने धेरै अभिभावक धेरै छन् । यस्तो अभिभावकको बानीले गर्दा बालबालिकामा बिस्तारै मोबाइल खेलाउने एक प्रकारको लत नै बस्न थालेको छ । अनि अहिलेका यस्ता बानी परेका बालबालिका मोबाइलबिना केही पनि गर्न मान्दैनन् ।

धेरै मोबाइल चलाउँदा बालबालिकाको शारीरिक तथा मानसिक विकासदेखि धेरै कुरामा असर परिरहेको हुन्छ । यसबारे अभिभावकले ध्यान दिनु जरुरी छ । बालबालिकाले धेरै मात्रामा मोबाइल चलाउँदा बालबालिकाको वृद्धि विकासमा असर पर्ने गर्छ । मोबाइल चलाउनु पनि एक खालको लत हो । जसरी नशालु पदार्थ सेवन गर्दा शरीरमा विभिन्न खालको असर देखिन्छ, मोबाइल चलाउँदा पनि बालबालिकाको शरीरमा त्यस्तै असर देखिन्छ । सुरुमा मोबाइल चलाउँदा मस्तिष्कले केमिकल रिलिज गर्दा खुसी बनाउने खालको हर्मोन बनाइदिन्छ । जसले गर्दा सुरुवातको समयमा मोबाइल चलाउँदा खुसी हुन्छन्, बालबालिका तर लगातार मोबाइल चलाउँदा ब्रेन सुस्त हुँदै जान्छ । मोबाइल चलाउने लत लागेको बालबालिकामा विभिन्न नकारात्मक असर देखिन थाल्छन् ।

जति सानो उमेरमा मोबाइल चलायो त्यति धेरै असर भइरहेको पाइन्छ । निरन्तर मोबाइल हेरिरहँदा आँखाको दृष्टि गुम्न सक्ने, सानै उमेरमा चस्माको प्रयोग गर्नुपर्ने, राम्रोसँग हेर्न नसक्ने हुन सक्छ । आँखामा मात्रै होइन ब्रेनमा पनि असर पर्छ । बिस्तारै बालबालिकाको ब्रेनलाई सुस्त बनाइदिन्छ, जसले गर्दा बालबालिका को अध्ययनमा समस्या देखिन्छ । यसरी धेरै मोबाइल हेर्ने बानी भएको बालबालिकामा डिप्रेसन पनि हुन सक्ने सम्भावना हुन्छ, बालबालिकाका आफ्ना सिर्जित गतिविधि न्यून हुन्छन्, जसका कारण दिमाग तेजिलो हुन पाउँदैन यस्ता थुप्रै समस्या देखा पर्छन् । धेरै मोबाइल प्रयोगले साना बालबालिकालाई मात्र होइन ठूला उमेर समूहका बालबालिकामा पनि समस्या देखिने गर्छ । मोबाइलले गर्दा एक्लै बस्ने, पारिवारिक सदस्यसँग कुरा नगर्ने, एकोहोरो सोचको हुने जस्ता समस्या लामो समयसम्म देखिन सक्छन् ।

बालबालिकाले सबै कुरा आफूले प्रत्यक्ष रूपमा गरेर अथवा आफूभन्दा ठूला व्यक्तिसँग सिक्दै जाने हो । बालबालिकाको उमेर भनेको शारीरिक, मानसिक र सामाजिक रूपमा पनि विकास हुनुपर्ने समय हो तर यस्तो महत्वपूर्ण समयमा बालबालिकाले मोबाइल हेर्ने हो भने धेरै कुरामा समस्या देखिन्छ । मोबाइल खेल्न दिए पछि बोल्न जरुरी हुँदैन, जसले गर्दा बालबालिकामा बोलीको विकास हुन पाउँदैन । हिँडाइमा समस्या हुन्छ । बालबालिकाको उमेर अनुसार विकास हुनुपर्ने हो त्यति भएको पाइँदैन । मोबाइल दिएका बालबालिका एकै ठाउँमा बसेर हेरिरहेका हुन्छन्, जुन कुराले गर्दा बालबालिका हिँड्नुपर्ने समयमा हिँड्न सक्दैनन् । एकै ठाउँमा बसेर मोबाइल हेरेर खाना खाँदा उमेर अनुसार को तौल बढी हुने अथवा कम हुने, मोटोपनको सिकार हुने, बालबालिका सामाजिक बन्न नसक्नु, समयमा खाना नखाइदिने हुँदा बालबालिका शारीरिक रूपमा दुब्लो हुने सम्भावना पनि हुन्छ । जुन गतिमा बालबालिकाको विकास हुनुपर्ने त्यो मोबाइल लतले एकदमै असर गर्छ ।

मोबाइलको प्रयोगका कारण बालबालिकाको आफ्नो सिर्जनशीलता नास भइरहेको पाइन्छ । बालबालिकालाई खुवाउन, भुलाउन, गृहकार्य गराउने निहुँमा बार्गेनिङ गरी मोबाइल प्रयोगले बालबालिकाको जीवन बर्बाद भइरहेको छ । सानो उमेरका बालबालिका मात्र होइन स्कुल तथा क्याम्पसमा अध्ययनरत किशोर किशोरीहरू पनि मोबाइल बिना बस्न नसक्ने र कक्षाकोठामा नै मोबाइलको प्रयोग गरिरहेका देख्न सकिन्छ । मोबाइलको प्रयोगमा नयाँ खोजमूलक कुराहरू पनि छन् तर राम्रो कामभन्दा अनावश्यक कुरा फेसबुक च्याट गर्ने, विभिन्न प्रकार का खेल खेल्ने, रातभरि अनलाइन खेल खेल्ने, नसुत्ने जस्ता दुरुपयोगसमेत भइरहेको पाइन्छ । मोबाइलको प्रयोगका कारणले बालबालिकाको भविष्य बर्बाद हुने भएको हुँदा समयमै यसको नियन्त्रणतर्फ ध्यान दिन आवश्यक रहेको पाइन्छ ।

विद्यालयमा अध्यापन गराएको विषयवस्तु विद्यार्थीले घरमा गएर दोहोऱ्याएर पढ्नु पर्छ । मोबाइल प्रयोगका कारण दोहोऱ्यार पढ्ने बानीमा कमी भइरहेको पाइन्छ । विद्यालयमा पढेको कुरा विद्यार्थीले कम्तीमा २४ घण्टाभित्र एक दुई पटक दोहोऱ्यार अध्ययन गर्दा सहजै रूपमा स्मरण हुन्छ । कक्षा कोठामा बस्दा त विद्यार्थीको ध्यान विषयवस्तुमा आकर्षण हुन्छ, सोधेको कुराको जवाफ दिन्छन् । .(गोप)

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
दुनै, डोल्पा

पत्र संख्या: २०८२/०८३
चलानी नं:

मिति: २०८२।०८।०१

सूचना नं. १०

**विषय: आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा कृषि विकास कार्यालय, डोल्पाबाट आगामी आ.व. २०८३/०८४ मा कार्यान्वयन हुने आयोजनाका लागी आयोजना प्रस्ताव तथा छनौट प्रकिया सम्बन्धी कार्यविधि २०८२ अनुसार आयोजना प्रस्ताव पेश गर्नको लागी डोल्पा जिल्ला स्थित सम्पुर्ण सरोकारवालाहरु व्यक्ती फर्म/समुह/सहकारी/पालिकाहरु र प्रदेश सभा सदस्यहरु ज्युहरु लगायत सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको दिन देखि मंसिर मसान्तसम्म अनुसूची -२ बमोजिमको ढाँचामा फर्मेट भरी आयोजना प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीको लागी कार्यालयको टेलिफोन न - ०८७-५५००१९, ९८५८०२१६२८ मा सम्पर्क गर्न सकिने छ ।साथै आयोजना प्रस्ताव सम्बन्धि अनुसूचि -२ फर्म कार्यालयको वेबसाइट www.adodolpa.gov.np बाट हेर्न तथा डाउनलोड गर्न सकिने छ ।

कार्यालय प्रमुख

तपशिल:
आवश्यक कागजात
१.अनुसूचि २ बमोजिम आयोजना प्रस्ताव भरेको अनुसुचि फर्म ।
२. जनसहभागितामा संचालन हुने आयोजनाको हकमा लागत सहभागिताको १०% प्रतिशत लागतसहभागिता व्यहोर्ने प्रतिबद्धता पत्र।

"व्यवसायिक र सिर्जनशिल प्रशासन: विकास, समृद्धि र सुशासन"
Email:akcdolpa@gmail.com Website: adodolpa.gov.np फोन नं: ०८७-५५००१९